# जिल्ला समन्वय समितिको कार्यालय

## डडेल्धुरा

## सुदूरपश्चिम प्रदेश, नेपाल

☎:०९६-४१०१४४

✉:dccdadeldhura7@gmail.com

info@dccdadeldhura.gov.np


प.सं.: २०८३/०८४


च.न.:

जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०८३।०६।०८

**विषय : उच्च सतर्कता अपनाउने सम्बन्धी सम्बन्धमा ।**

नेपाल मौसम विज्ञान विभागको मौसम सम्बन्धी पूर्वानुमान र बुलेटिन अनुसार आगामि मिति २०८३ असोज ९ गते देखि ऐ ११ गते सम्म सुदुरपश्चिम प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ्ग/हावाहुरी सहित भारी देखि धेरै भारी वर्षाको सम्भावनाको पूर्वानुमान रहेको र डडेल्धुरा जिल्लामा पनि वर्षाको सम्भावना रहेको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागबाट निम्नानुसारको वर्षा जोखिम नक्शा प्रकाशन भएको छ ।



भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव आउने तथा भित्रि मधेशका केही क्षेत्रमा डुबानको जोखिम हुन सक्ने सम्भावना भएकाले संयमता, धैर्यताका साथ आवश्यक सतर्कता अपनाउन र पूर्वतयारीका लागि निम्न कार्य गर्न/गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।

- उक्त अवधिमा अत्यन्त जरुरी नभई टाढा र रातिको समयमा यात्रा नगर्ने।
- सम्बन्धित स्थानीय तह, तीनवटै सुरक्षा निकाय, स्वयंसेवकलगायत सरोकारवाला सबै निकायले आम सर्वसाधारणलाई सुसूचित गर्ने र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने।
- जोखिम भएका राजमार्ग र सडकहरुमा डोजर, एक्साभेटर, लोडर लगायतका साधन तयारी अवस्थामा राखे।
- आकस्मिक बाढी आउनसक्ने खोला, खहरेका नजिकका बस्ती, पहिरोको जोखिमयुक्त स्थान र खोला/नदी किनारका बस्तीका बासिन्दाहरु बढी चनाखो हुने।
- **विपद्मा मद्दत माग्न १२३४**, नेपाल प्रहरीको हटलाइन **१००** र सशस्त्र प्रहरी बल, नेपालको हटलाइन नम्बर **१११४** मा सम्पर्क गर्ने।
- नेपाल मौसम विज्ञान विभाग र प्राधिकरणबाट जारी हुने अद्यावधिक पूर्वानुमान/पूर्वसूचना/चेतावनी सम्बन्धी जानकारी, लिइरहनु हुन अनुरोध छ।

..................

संजय कुमार लोध

**नि.जिल्ला समन्वय अधिकारी**